शर्तहरु:-

१. प्रत्येक ठेक्काको दरभाउ पत्र छुट्टाछुट्टै खरिद गरी बाहिर स्पष्टरुपमा कुन ठेक्काको लागि दरभाउपत्र पेश गरेको हो लेखी पेश गर्नुपर्नेछ ।

२. ठेक्का अवधि २०७४ साल श्रावण १ गतेदेखि २०७५ साल असाढ मसान्तसम्म १ वर्ष कायम रहनेछ ।

३. दरभाउपत्र फाराम खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन अन्तिम दिन मानिनेछ ।

४. दरभाउपत्र साथ कबुल अंकको ५% धरौटी रकम यस कार्यालयको रा.बा.बैंक बेसीशहर स्थित ग-३ (३०४०३०३०००७०१) स्थानीय निकाय धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र दाखिलाका लागि बिडबण्ड (बैंक जमानी पत्र) मान्य हुनेछैन ।

५. ठेक्का लिए बापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु अग्रीम किस्तासँगै बुझाउनु पर्नेछ । यस्तो कर रकम ठेक्का रकमबाट कटाउन पाइने छैन ।

६. ठेकेदारले प्रथम किस्ता बापत आफूले कबोल गरेको कूल ठेक्का रकमको ६०% र १.५% अग्रीम आयकर रकम समेत एकमुष्ठ सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यसपछिको बाँकी ४०% किस्ता रकम २०७४ साल पौष मसान्तभित्र बुझाउनु पर्नेछ । तर, ठेकेदारले सम्झौताको समयमा कबोल अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा दश प्रतिशत रकम छुट दिइनेछ ।

७. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ४०% रकम २०७४ आषाढ मसान्तसम्म मान्य अवधि भएको र यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिइनेछ ।

८. ठेकेदारले ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन गर्दा तोकिएको क्षेत्र भित्रबाट मात्र गर्नु पर्नेछ । तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट उठाएको पाईएमा प्रत्येक पटक रु.१,०००। का दरले जरिवाना लगाई असुल गर्न र संकलन गरिएको माल बस्तु समेत जफत गर्न सकिनेछ ।

९. ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन र निकासीमा तोकिएको स्रोत उपयोग कर उठाउने प्रयोजनका लागि ठेकेदारले तोकिएको संकलन केन्द्रमा डाँट राखि ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र प्रमाणित गराई कार्यालयमा रसिद दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । तोकिएको स्थान बाहेक अन्यत्र डाँट राखि कर उठाएको र कार्यालयको छाप नलगाएको रसिद प्रयोग गरेको पाईएमा प्रत्येक पटक रु. १०००।- का दरले जरिवाना लगाई असुल उपर गर्न सकिनेछ ।

१०. स्रोत उपयोग कर सम्बन्धी कार्यालयबाट स्वीकृत दररेट सम्बन्धी सूचना पाटी सबैले देख्ने गरी तोकिएको स्थानमा टास्नु पर्नेछ । सूचना पाटी नराखेको भेटिएमा वा तोकिएको दर भन्दा बढी कर असुल गरेमा प्रत्येक पटक रु १०००। का दरले जरिवाना गर्न सकिनेछ ।

११. तोकिएको समयमा किस्ता रकम नबुझाएमा म्याद समाप्त भएको ७ दिनपछि सम्झौता गर्दा राखेको परफरमेन्स बण्डबाट किस्ता रकम जम्मा गर्न सम्बन्धित बैंकमा लेखी पठाई रकम असूल गरिनेछ ।

१२. नेपाल सरकार तथा जिल्ला समन्वय समिति लमजुङले समय-समयमा दिएको नीति, निर्देशन तथा आदेशको पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१३. ठेक्का सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा जिससको निर्णय अन्तिम हुनेछ ।

१४. नेपाल सरकार र जिससको निर्णय अनुसार ठेक्का तोडिन गएमा दामासाहीले हिसाब गरी ठेक्का रकम बुझाउनु पर्नेछ ।

१५. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाका शर्तहरु विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि जिससले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१६. बन्द, हड्ताल, चक्काजाम वा अन्य कुनै कारण देखाई ठेक्का रकम मिनाहा माफी माग गर्न पाइने छैन ।

१७. ठेक्का सम्बन्धी बिस्तृत दररेटको सूचना जिल्ला समन्वय समितिको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

d:\officefiles\Rajaso notice
\thekka

जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ, बेसीशहर, ४ नं. प्रदेश, नेपाल, २०७४

# जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ

## सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

### प्रथम पटक प्रकाशित मिति :- २०७४/०३/१८

स्थानीय स्वायत्त शासन ऐन-२०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा संघीय मामिला तथा स्थानीय विकास मंत्रालयको च नं २०५ मिति २०७४/०१/१९ को प्राप्त पत्र बमोजिम यस जिल्ला समन्वय समितिको कार्यालय लमजुङले आ.व. २०७४/७५ को लागि देहायका खण्डहरु ( स्थानहरु) मा **ढुङ्गा, बालुवा, गिट्टी बिक्री /निकासी बापतको स्रोत उपयोग कर** असुली सम्बन्धि राजश्व ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले सिलबन्दी दरभाउ-पत्र आव्हानको लागि सूचना प्रकाशित गरिएको छ। इच्छुक इजाजत प्राप्त फर्मले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र आ.व. ०७२/७३ को फर्म/इजाजतपत्र नविकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर/स्थायी लेखा दर्ता प्रमाणपत्र , आ.व.०७२/७३ को कर चुक्ताको प्रमाणित प्रतिलिपी सहित निवेदनसाथ रु ३००। तिरी दरभाउपत्र खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र तोकिएको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ-पत्र पेश गर्नुहुन जानकारी गराईन्छ।

| क्र.सं | ठेक्का नं. | खण्डको नाम | मू.अ.कर बाहेक न्युनतम ठेक अङ्क | उत्खनन गर्न सकिने परिमाण र क्षेत्रफल | करको दर रु. |
|---|---|---|---|---|---|
| १ | १ आ.आ.०७४/७५ | मर्स्याङदी नदी बेसीशहर नपा-चण्डिस्थान, सिम्पानी खण्ड | ३५००००.०० | IEE प्रतिवेदनमा उल्लेखित भए बमोजिम | प्रति क्यू.फिट रु. २- |
| २ | २ आ.आ.०७४/७५ | मर्स्याङदी नदी बेसीशहर गाउशहर खण्ड | २७००००.०० | " | " |
| ३ | ३ आ.आ.०७४/७५ | मर्स्याङदी नदी रिड्डिनगर उदीपुर, चिती खण्ड | ९०००००.०० | " | " |
| ४ | ४ आ.आ.०७४/७५ | मर्स्याङदी नदी भोटेवडार फूलबारी खण्ड | ३५००००.०० | " | " |
| ५ | ५ आ.आ.०७४/७५ | मर्स्याङदी नदी तार्कुघाट खण्ड | १०००००.०० | " | " |
| ६ | ६ आ.आ.०७४/७५ | चेपे नदी  अन्य खोलानाला धमिलिकुवा खण्ड | ५०००००.०० | " | " |
| ७ | ७ आ.आ.०७४/७५ | चेपे नदी र अन्य खोलानाला, चकतिर्थ, मसायखर्क | २५००००.०० | " | " |
| ८ | ८ आ.आ.०७४/७५ | मादी नदी रम्घा, समिभन्ज्याङ खण्ड | २५००००.०० | " | " |
| ९ | ९ आ.आ.०७४/७५ | रिस्ती खोला जिता,ता.टक्सार सूर्यपाल खण्ड | १२००००.०० | " | " |
| १० | १० आ.आ.०७४/७५ | मादी नदी, मिदिम र पिस्ती खोला, भोर्लेटार इशानेश्वर खण्ड | ५५००००.०० | " | " |
| ११ | ११ आ.आ.०७४/७५ | पाउदी खोला,खत्री डाँडी, नाउदी खोला दोभान खण्ड | ४०००००.०० | " | " |
| १२ | १२ आ.आ.०७४/७५ | चेपे नदी कुनाघाट बिचौर खण्ड | १०००००.०० | " | " |
| १३ | १३ आ.आ.०७४/७५ | मर्स्याङदी नदी पाचेटार सुन्दरबजार , खण्ड | १०००००.०० | " | " |
| १४ | १४ आ.आ.०७४/७५ | मर्स्याङदी नदी मालबिसे बेसीशहर, खण्ड | १५००००.०० | " | " |

स्थानीय विकास अधिकारी